६५।५।५
२०८३।१।१४।

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङ

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०१।१२**

श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ७ चरकमटिया, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | १, २, ३, ४, ५, ६, ७ र ८ | खयर | गोलिया | | ६५४ | ७८५.०२ | १००० | ७८५०२० | १,५३,०७८.९०।- (प्रति क्यू. फि. रु १९५) |
| | | लट नं. १ को जम्मा | | | ६५४ | ७८५.०२ | | ७८५०२० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०२।०१ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।०२।०४ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००२००२७८००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस झारगजेरी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ७ चरकमटिया, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

# श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङ

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।०४ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**सामाजिक भत्ता लिने लाइन** : घोराही उपमहानगरपालिका-५ धर्नाबाट बिहीबार घोराहीस्थित हिमालयन बैंक लिमिटेड अगाडि सामाजिक भत्ता बुझ्न पालो कुरिरहेका सर्वसाधारण । व्यवस्थापनको अभावका कारण लामो समय प्रतीक्षा गर्न बाध्य हुँदा विशेषगरी वृद्धवृद्धा, अपाङ्गता भएका नागरिक घण्टौंसम्म सास्ती खेप्दै आएको गुनासो छ । *तस्बिर : कुलदीप न्यौपाने*

# आजबाट घोराहीमा १० किलोमिटर रोड रेस

**युगबोध समाचारदाता**

देउखुरी, ११ वैशाख । लुम्बिनी प्रदेश खेलकूद परिषद्को आयोजनामा वैशाख १२ गते घोराहीमा 'दोस्रो लुम्बिनी राष्ट्रिय खुला पुरुष तथा महिला १० किलोमिटर रोड रेस प्रतियोगिता-२०८३' हुँदैछ । परिषद्का सदस्य सचिव तिरणदाज गौतमका अनुसार प्रतियोगिता बिहान साढे ६ बजेबाट शुरु हुनेछ ।

प्रदेश खेलकूद परिषद्को स्वीकृत वार्षिक कार्यक्रमअनुसार खेलकूदको विकास, विस्तार र नयाँ खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो । यस वर्ष प्रतियोगिताको पुरस्कार राशीमा उल्लेख्य वृद्धि गरिएको परिषद्ले जनाएको छ । प्रतियोगितामा प्रथम हुनेले ८० हजार, द्वितीयले ४५ हजार र तृतीयले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । त्यसैगरी चौथोले १५ हजार, पाँचौंले १० हजार र छैठौंदेखि दशौं स्थानसम्मका खेलाडीले जनही पाँच हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । शीर्ष तीन स्थान प्राप्त गर्ने खेलाडीलाई मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ ।

गत वर्ष २०८२ असार १४ गते सम्पन्न पहिलो संस्करणमा पुरुषतर्फ नेपाल आर्मीका सञ्जय श्रेष्ठले ३१ मिनेट ३०.४८ सेकेन्डमा दूरी पार गर्दै प्रथम स्थान हासिल गरेका थिए । महिलातर्फ नेपाल आर्मीकै निशा सार्की प्रथम भएकी थिइन । गत वर्ष पुरुषतर्फ नरेन्द्र रावत द्वितीय, नागेश्वर अहिर तृतीय, विनोद रोकाया चतुर्थ र रुपेश कार्की पञ्चम भएका थिए । महिलातर्फ पुष्पा भण्डारी द्वितीय, दिया परियार तृतीय, सुमित्रा कुमारी चौधरी चतुर्थ र पुष्पा कठायक पञ्चम स्थानमा रहेकी थिइन ।

# सडकमार्ग पहुँच सहज नहुँदा ओझेलमा 'चमेरे गुफा'

**युगबोध समाचारदाता**

तुलसीपुर, ११ वैशाख । तुलसीपुर-४ मूलकोटस्थित ऐतिहासिक तथा प्राकृतिक पर्यटकीयस्थल 'सिद्ध चमेरे गुफा' कच्ची सडकका कारण ओझेलमा परेको छ । करिब साढे दुई दशकअघि पत्ता लागेको यो गुफा प्राकृतिकरुपमा अत्यन्तै मनोरम भए पनि पूर्वाधार र सहज यातायातको अभावमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न नसकेको हो ।

तुलसीपुर बजारबाट करिब १२ किलोमिटरको दूरीमा रहेको यो गुफासम्म पुग्न हर्नेटीदेखिको करिब ४ किलोमिटर सडक कच्ची र साँघुरो छ । वर्षात्को समयमा सवारी साधन चल्न नसक्ने र हिउँदमा पनि साना सवारी साधनबाट झरेर करिब डेढ किलोमिटर पैदल हिँड्नुपर्ने बाध्यताका कारण पर्यटकहरु बीचैबाट फर्किने गरेका छन् । गुफा अवलोकनका लागि पुग्नुभएकी स्थानीय सरस्वती पुनले गुफा निकै सुन्दर भए पनि सडकको कठिनाइले थकान महसुस हुने गरेको बताउनुभयो । यस्तै, अर्की स्थानीय विमला शर्माले स्थानीय सरकारले गुफाको विकासमा ध्यान नदिदा पर्यटकीय चहलपहल घट्दै गएको गुनासो गर्नुभयो ।

सिद्ध चमेरे गुफा संरक्षण समितिका अध्यक्ष भूपबहादुर पुनका अनुसार गुफाभित्र विभिन्न देवीदेवता र जनावरका प्राकृतिक आकृतिहरु देख्न सकिन्छ । विगतमा केही निकायको सहयोगमा सामान्य भौतिक संरचना बने पनि पछिल्ला वर्षहरुमा बजेट अभावका कारण पक्की सडक र अन्य पूर्वाधार निर्माण हुन सकेको छैन । हाल गुफामा दैनिक करिब ४०/५० जना मात्रै पर्यटक पुग्ने गरेका छन् । उचित प्रचारप्रसार र सडकको स्तरोन्नति गर्न सके यस क्षेत्रका स्थानीयको आयआर्जन र रोजगारीमा ठूलो टेवा पुऱ्याउने विश्वास गरिएको छ । यस विषयमा तुलसीपुर उपमहानगरपालिकाको पर्यटन शाखाले भने बजेट अभावका कारण यस वर्ष सडक पक्की गर्ने योजना नरहेको जनाएको छ ।

# साईबाबाको आराधना महोत्सव

घोराही, ११ वैशाख (युस)- सत्यसाई केन्द्र घोराही, दाङले शुक्रबार श्री सत्य साई बाबाको आराधना महोत्सव मनाएको छ । साई केन्द्रका अध्यक्ष शान्ता थापा सिम्रनको अध्यक्षतामा सत्यसाई केन्द्रमा रक्तदान कार्यक्रम गरेर आराधना महोत्सव मनाइएको थियो ।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र घोराहीका इच्छा बुढा नेतृत्वको प्राविधिक टोलीले रक्त संकलन गरेको थियो । कार्यक्रममा १५ जना रक्तदाताले रक्तदान गर्नुभएको साई केन्द्रका अध्यक्ष थापाले जानकारी दिनुभयो । सो अवसरमा साई केन्द्रका उपाध्यक्ष विनिता श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा केन्द्रका महिला संयोजक पार्वता भण्डारी, शिक्षा संयोजक बालिका भण्डारी, युवा संयोजक राजन गुप्ता, आध्यात्मिक संयोजक बालिका श्रेष्ठ, सेवा संयोजक ओमकुमारी महरा र भजन संयोजक मीरा पाण्डेयले समन्वय गर्नुभएको थियो ।

# वैशाख १९ देखि मिलनकेन्द्रमा महायज्ञ

**युगबोध समाचारदाता**

घोराही, ११ वैशाख । जय महाकाल सेवा समाज दाङले वैशाख १९ देखि २६ गतेसम्म कर्मचारी मिलन केन्द्रको प्रांगण घोराहीमा महायज्ञ गर्ने भएको छ ।

समाजका अध्यक्ष श्रीधर गिरीको अध्यक्षता एवं सल्लाहकार तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सविन प्रियासनको प्रमुख आतिथ्यतामा शुक्रबार घोराहीमा पत्रकार सम्मेलन गरी श्रीमद्भागवत् धनधान्याचल सप्ताह ज्ञान महायज्ञ २०८३ गर्ने जानकारी दिइएको थियो । कोही पनि भोकै बस्नु नपरोस् भनेर अभियान चलाएको अध्यक्ष गिरीको भनाइ थियो । 'यो सडकमा खान कुन समस्याले आयो त्यो बुझ्नेछौं'- उहाँले भन्नुभयो- 'त्यो समस्या पत्ता लगाएर उद्धारका लागि विस्तृत योजना सरकारलाई बुझाउने कोसिसमा छौं ।' उहाँले ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति बालबालिका खान आउने गरेको बताउनुभयो । उनीहरुलाई सजिलोसित दालभात तरकारी खुवाउन आर्थिक स्रोत जुटाउन महायज्ञ आयोजना गरिएको छ ।

गत जेठ २ गतेदेखि समाजले 'भोकालाई भोजन प्यासालाई पानी' अभियान चलाएको छ । निःशुल्क भोजन दान कार्यक्रम मार्फत दैनिक साँझ बिहानको खाना खुवाउँदै आएको छ । अपांगता, सडक पेटीमा अलपत्र परेका, प्रतिष्ठानमा उपचारमा आएका आर्थिक अभाव भएका कुरुवाले खाने गरेको अध्यक्ष गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार भोकै कोही नबसोस भनेर अभियान चलाएको जानकारी दिनुभयो । 'समाजले धारापानी धामको व्यवस्थापन समितिसँग सहकार्य गरेर गौशाला सञ्चालन गर्दैछ'- सल्लाहकार प्रियासनले भन्नुभयो- 'महायज्ञबाट उठेको रकमले गौशाला निर्माण गरी बेरोजगारलाई रोजगार दिने योजना छ ।' उहाँका अनुसार समाजले अहिलेसम्म करिब २० हजार मानिसलाई निःशुल्क रुपमा खाना खुवाइसकेको छ । आर्थिक समस्या बढ्दै गएको छ । त्यसका लागि पनि महायज्ञ आयोजना गरिएको हो । महायज्ञको कथावाचकमा आचार्य श्याम शरण रहनुहुने समाजले जनाएको छ ।

## सद्भाव....

अवश्यकता भएको औंल्याउनुभयो । लोकतन्त्रमा स्वतन्त्रता, सहभागिता र समावेशीता मूलमन्त्र मानिन्छ तर त्यसमा जबसम्म सुशासन आउँदैन तबसम्म लोकतन्त्र पूर्ण नहुने भन्दै विगतमा अन्य सबै कुराहरु प्राप्त भए पनि सुशासन नहुँदा जेनजी आन्दोलन भएको सभापति भण्डारीले बताउनुभयो ।

लोकतन्त्रको सबलीकरणले मात्रै समाजमा आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक परिवर्तन ल्याउने र यसबाट मात्रै सभ्य, समृद्ध समाजको परिकल्पना गर्न सकिने नेपाल रेडक्रस सोसाइटी दाङका उपसभापति हरिहर पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो- 'नागरिकले लोकतन्त्रको अनुभूति गर्न लोकतन्त्रको संरक्षण हुन जरुरी छ । यस्ता सामाजिक सरोकारका विषय शान्ति समाजले बहस र छलफलमा ल्याउने गरेको छ तर यसलाई दूरदराजसम्म पुऱ्याउन सकियो भने अझै प्रभावकारी हुन्थ्यो ।' कार्यक्रममा पत्रकार दीपक बोहराले विगतदेखि सरकारले मिडियामाथि विभिन्न बहानामा अंकुस लगाउने प्रयास गरेको र अहिलेको बहुमतको सरकारले पनि मिडियालाई कमजोर बनाउने प्रयास गरेको बताउनुभयो । साथै मिडिया कमजोर हुँदा लोकतन्त्र संकटमा पर्ने उहाँले धारणा राख्नुभयो । त्यस्तै लोकतन्त्र प्राप्तिका लागि ठूलो बलिदान भएको भन्दै यसलाई जोगाउने सबैको दायित्व भएको ज्येष्ठ नागरिक लुम्बिनी प्रदेशका अध्यक्ष खुमानन्द अधिकारीले बताउनुभयो ।

मानवअधिकार तथा शान्ति समाज दाङका अध्यक्ष कोमल डिसीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले तुलसीपुरका नगर सचिव जीतबहादुर खड्का, नेपाली कम्युनिष्ट पार्टीका मदनप्रकाश हमाल, समाजका केन्द्रीय सचिव तुल्सीराम सुनार, रेडक्रस शान्तिनगर उपशाखाका सभापति देवा डाँगी, सुनचाँदी व्यवसायी समिति तुलसीपुरका सचिव मोहन सुनारलगायतले बोल्नुभएको थियो । शाखाका उपसभापति अमृत शर्माको स्वागत मन्तब्यबाट शुरु भएको कार्यक्रममा सदस्य गणेश भण्डारीले अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण सचिव माधव बस्नेतले गर्नुभएको थियो ।

## सच्याइएको

**यस दैनिकको २०८३ वैशाख ११ गते प्रकाशित घोराही उपमहानगरपालिकाको कार्यालय दाङको नक्सापास सम्बन्धी सूचनामा विमला बुढामगरको नाममा दर्ता श्रेस्ता भएको साविक सेवार बनगाउँ-३ (हाल घोराही उपमहानगरपालिका-१३) किन ७४३४ र ७४३७ को क्षेत्रफल ५१.२० व.मी. हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।**


## नाम परिवर्तन सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०१।१२ गते

**नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०७ गतेको चलानी न. कम्पनी प्र./९२२९४ को पत्रानुसार, दाङ जिल्ला लमही नगरपालिका-०१ मा अवस्थित दर्ता न ६९३५३ को यस स्कुल अफ स्टिम एजुकेशनको नाम परिवर्तन भई विद्योत्तमा पाठशाला कायम हुने गरी स्वीकृति प्राप्त भएकाले अब उपरान्त यस विद्यालयको सम्पूर्ण दायित्व तथा सम्पत्ति नयाँ परिवर्तित विद्योत्तमा पाठशालाले सकार्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

**साविकको विद्यालयको नाम** : स्कुल अफ स्टिम एजुकेशन
**परिवर्तित विद्यालयको नाम** : विद्योत्तमा पाठशाला
**ठेगाना** : लमही न.पा.-१, दाङ

## श्री प्रतिष्ठा एकेडेमी

गढवा-१ कालाकाटे देउखुरी, दाङ

## शिक्षक आवश्यकता

**यस श्री प्रतिष्ठा एकेडेमी गढवा -१,कालाकाटे देउखुरी दाङको लागि निम्नानुसारका शिक्षक आवश्यकता रहेकोले विज्ञापन प्रकाशित भएको मितिले ७ दिनभित्र योग्यता पुगेका दक्ष एवं अनुभवी नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ ।**

**पद** : शिक्षक **तह** : माध्यमिक **संख्या** : दुई (२)
**विषय** : गणित/विज्ञान (१), अंग्रेजी (१)
**योग्यता** : गणित/विज्ञान विषयको लागि फिजिक्स मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको र अंग्रेजी विषयको लागि अंग्रेजी मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

**पद** : शिक्षक **तह** : आधारभूत तह ( ५-८) **संख्या** : केही
**विषय** : विज्ञान, अंग्रेजी र गणित
**योग्यता** : मूल विषय विज्ञान, अंग्रेजी र गणित विषय लिई कक्षा १२ (+२) उत्तीर्ण गरेको हुनुपर्नेछ ।

माथिल्लो योग्यता भएको र अनुभवीलाई विशेष ग्राहयता दिइनेछ ।
**दरखास्त दस्तुर** : मा.वि.तहको लागि रु.७००/-
आधारभूत तहको लागि रु.५००/-
**दरखास्त आइपुग्ने अन्तिम मिति** : २०८३/०१/१८ गते ४ बजेभित्र
**सम्पर्क मिति** : २०८३/०१/१९ गते
**परीक्षाको किसिम** : लिखित, मौखिक र कक्षा अवलोकन
**त.भ.**: विद्यालयको नियमानुसार
**थप जानकारीको लागि सम्पर्क** : ९८५७८४१६३८/९८५७८४०६३८

**प्रिन्सिपल**

## श्री गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय

घोराही- १७ चौघेरा, दाङ

## कोटेशन सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०१।११)

यस विद्यालय र घोराही उपमहानगरपालिका बीच मिति २०८२।११।१४ गते भएको दुई पक्षीय सम्झौता बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित अनुदान रकमबाट विद्यालयमा **विज्ञान प्रयोगशालाको लागि सामग्री थप तथा उपकरण व्यवस्थापन र संचालनका** लागि विनियोजित कुल रकम मध्ये ९८८०००।- (अक्षरुपी नौ लाख अठासी हजार) मूल्य बराबरको सामान कोटेशन मार्फत् खरिद गर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा निम्न कागजातसहित गोप्य शिलबन्दी कोटेशन यस विद्यालय प्रशासनमा दर्ता गराउन इच्छुक सप्लायर्स कम्पनीहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । खरिद गर्नुपर्ने सामानहरुको विवरण र स्पेशिफिकेसनको बारेमा थप जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नहुन अनुरोध छ ।

**कोटेशन पेश गर्ने अन्तिम मिति** : २०८३।०१।२५ गतेसम्म
**कोटेशन पेश गर्ने ठेगाना** : श्री गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय,चौघेरा दाङ
**कोटेशन शुल्क** : १५००।- मात्र ।

- प्राप्त कोटेशनहरु मध्येबाट सबैभन्दा कम दररेट पेश गर्ने सप्लायर्स कम्पनीलाई छनोट गरी समान खरिद गरिनेछ ।
- कोटेशन पत्र स्वीकृत तथा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिद समितिमा निर्भर रहनेछ ।
- खरिद गरिएका सामग्रीहरु स्पेशिफिकेशनमा तोकिए बमोजिम नभएमा स्वीकृत गर्न खरिद समिति बाध्य हुनेछैन ।

**आवश्यक कागजातहरु** :
१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपि
२. दर्ता प्रमाणपत्रको प्रतिलीपि
३. करचुक्ता प्रमाणपत्रको प्रतिलीपि
४. प्रचलित दररेट अनुसारको सक्कल शिलवन्दी कोटेशन

**सेमलाल मल्ल- संयोजक**
**(खरिद समिति)**
सम्पर्क नं. ९८५७८३१३२१

## श्री गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय

घोराही- १७ चौघेरा, दाङ

## कोटेशन आह्वानसम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०१।११)

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र क्वालिटी परियोजनाको चालु आ.व. २०८२/२०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यालय सुधार योजना कार्यान्वयनको लागि सहयोग र विद्यालयको लागत सहभागिताबाट **प्राविधिक धारका बालबालिकाहरूको लागि सेमिनार कक्ष मर्मत तथा व्यवस्थापन योजनाको लागि** तपसिल बमोजिमका शीर्षकहरुमा सामग्री खरिद तथा व्यवस्थापन गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र इच्छुक दर्तावाल फर्म, संस्था, कम्पनी उद्योगहरुले हस्तलिखित शिलबन्दी दररेट पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**
१. स्मार्ट बोर्ड र ल्यापटप
२. सेमिनार कक्ष फर्निचरहरु
३. सेनेटरी न्याप्किन इनसेनिरेटर

**शिलबन्दी साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरू** :
क) संस्था दर्ता प्रमाणपत्र प्रतिलिपी
ख) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि

**सुमन पौडेल- संयोजक**
**(खरिद समिति)**
सम्पर्क नं. ९८४१४८६७८५

## शिवम आरोग्य केन्द्र

**खुशीको खवर ! खुशीको खवर !! खुशीको खवर !!!**

विगत २० सालदेखि सेवामा सञ्चालित यस शिवम आरोग्य केन्द्रमा अत्याधुनिक सेवा सुविधाका साथ प्रत्येक दिन **डा. पि.एन. झा**द्वारा बिरामी चेकजाँच भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

**डा. पि.एन. झाद्वारा चेकजाँच हुने रोगहरू** :
- पुरुष र महिलामा हुने निसन्तानपन (बाँझोपन) को सफल उपचार र उचित परामर्श सेवा ।
- महिला पुरुषमा हुने विभिन्न प्रकारका यौन रोगहरु जस्तै सिफलिस, गनोरिया, हेपेटाईटिस, धातुरोग इत्यादिको सफल उपचार ।

**पुरुष**: यौन इच्छामा कमी, कडापनमा कमी, शीघ्र स्खलनको समस्या, स्वप्न दोष, उमेर अनुसार यौनाङ्गको विकास नहुनु तथा यौनाङ्गबाट पिप बग्नु आदि रोगको सफल उपचार ।
**महिला**: महिनावारीमा गड्वडी, तल्लो पेट दुख्ने, सेतोपानी बग्ने, चिलाउने, विविरा र घाउखटिरा आउने, यौन इच्छामा कमी, उमेर अनुसार यौनाङ्गको बृद्धि विकास नहुनु आदिको सफल उपचार ।
**छालाजन्य रोगहरू**: अनुहारको चायाँपोतो, डन्डिफोर, सेतोदुवी, एलर्जी, सिरोसिस, छालाको घाउखटिरा आदिको सफल उपचार ।
**अन्य रोगहरू**: जन्डिस, पत्थरी, पिसाब पोल्ने, ग्याँस्ट्रिक, गानोगोला, अल्सर, वाथरोग, नसा सम्बन्धी रोग, हातखुट्टा झमझमाउने, स्मरण शक्तिमा कमजोरी, निद्रा नलाग्ने, दिमागको बोदोपन, डर, भय, त्रास आदि रोगको सफल उपचार ।
- पाईल्स, फिसर, फिस्टुलाको मात्र औषधिबाट सफल उपचार ।

**अन्य सेवाहरू**: फार्मेसी सेवा, प्याथोलोजी (विर्य, रगत, दिसा, पिसाब, छाला चेकजाँच) सेवा
**बिरामी जाँच्ने समय** : बिहान ९ देखि साँझ ६ बजेसम्म
**स्थान** : घोराही तुलसीपुरचोक महरा पेट्रोल पम्पदेखि पश्चिमतिर, अप्सरा होटल जाने गल्लीमा
**सम्पर्क नं. ९८४४११८०१९, ९८०६२५१७९०**

## श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गा.पा. ६ र ७, दाङ

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३।०१।१२

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा समूहको स्वीकृत वन कार्ययोजनाअनुसार कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको बबई गा.पा. ७ चरकमटियामा घाटगद्दी गरी राखेको खयर जातको गोलिया थान ६५४ को ७८५.०२ क्यु.फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी बाह्य लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३।०१।१२ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**

## श्री वाराहक्षेत्र माध्यमिक विद्यालय

घोराही-१३ सेवार वनगाउँ, दाङ

## कोटेशन आह्वान सम्बन्धी सूचना !

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३।०१।१२ गते

यस विद्यालय र घोराही उपमहानगरपालिकाबीच मितिः २०८२/११/१४ गते भएको दुई पक्षीय सम्झौता बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदान रकमबाट विद्यालयमा इलर्निङ तथा भर्चुअल शिक्षण सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि विनियोजित कुल रकममध्ये रु ९,७७,०००।- अक्षेरेपी नौ लाख सतहत्तर हजार मूल्य बरावरको सामान कोटेशन मार्फत खरिद गर्न यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा निम्न कागजातसहित गोप्य शिलबन्दी कोटेशन यस विद्यालय प्रशासनमा दर्ता गराउन इच्छुक सप्लायर्स कम्पनीहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । खरिद गर्नुपर्ने सामानहरुको विवरण र स्पेसिफिकेशनको बारेमा थप जानकारीका लागि तपसिल बमोजिमको विवरणमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क**: श्री मनबहादुर शाही- संयोजक (खरिद समिति)- ९८४३७६०४५९
**कोटेशन पेश गर्ने अन्तिम मिति**: २०८३।०१।१८ गतेसम्म
**कोटेशन पेश गर्ने ठेगाना**: श्री वाराहक्षेत्र माध्यमिक विद्यालय घोराही-१३ सेवार वनगाउँ, दाङ
**कोटेशन शुल्क** : रु १५००।- मात्र ।

- प्राप्त कोटेशनहरुमध्येबाट सबैभन्दा कम दररेट पेश गर्ने सप्लायर्स कम्पनीलाई छनौट गरी सामान खरिद गरिनेछ ।
- कोटेशन पत्र स्वीकृत तथा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिद समितिमा निर्भर रहनेछ ।
- खरिद गरिएका सामग्रीहरु स्पेसिफिकेशनमा तोकिए बमोजिम नभएमा स्वीकृत गर्न खरिद समिति बाध्य हुने छैन ।

**आवश्यक कागजात** : ❖ फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ❖ दर्ता प्रमाणपत्रको प्रतिलिपि ❖ करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ❖ प्रचलित दररेट अनुसारको सक्कल शिलबन्दी कोटेशन ।

**संयोजक (खरिद समिति)**


नेपाल सरकार

## भूमिसुधार तथा मालपोत कार्यालय घोराही दाङको सार्वजनिक सूचना !

दाङ जिल्ला साबिक सौडियार ०४, हाल घोराही उ.म.न.पा. ०६ बस्ने गणेश चौधरीले दिएको निवेदन अनुसार निजको नाममा दर्ता कायम भएको रावतगाउँ १/ख कित्ता नं. १३४ र ३५ जग्गाको मोठ श्रेस्ता मिति २०५८/०८/०८ मा भूमिसुधार तथा मालपोत कार्यालय घोराही दाङमा भएको आगजनीबाट जलेर नष्ट भएको, एल.आर.आई.एम.एस. प्रणालीमा ईन्ट्री नभएको, डि.एम.एस. अभिलेख रेकर्डमा कुनै पनि विवरण नभएको, रावतगाउँ १/ख कित्ता नं ३५ जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा समेत हराएको तथा उल्लेखित कित्ता नं. का जग्गाहरु कही कतै, वेचविखन, हकहस्तान्तरण, कित्ताकाट नगरेको तथा जग्गाधनी आफैले भोगचलन गरिरहेको हुदाँ श्रेस्ता कायय गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा पाउँ भनी निवेदन पेश भई आएकोमा निवेदक जग्गाधनीले उल्लेखित कित्ता जग्गा बिक्री वितरण, हक हस्तान्तरण र कित्ताकाट गरेको भए वा अरु कसैले हकभोग गरेको भए वा निवेदक बाहेक अन्य जग्गाधनी समेत भए उल्लेखित कित्ता जग्गा निबेदकको नाममा श्रेस्ता कायम गर्न नपर्ने भए वा अरु पनि जग्गाधनी भएमा कारण र प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निवेदकको माग अनुसार श्रेस्ताकायम गर्न नपर्ने कारण खुलाई आफ्नो जिकीर र प्रमाणसहित निवेदन गर्न आउनुहोला । समयभित्र दावी विरोध गर्न नआए कानुन बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

### निवेदकको नाममा श्रेस्ताकायम गर्न माग गरेको जग्गाको विवरण

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | श्रेस्ता कायम हुनेको नाम थर |
|---|---|---|---|---|---|
| १ | रावतगाउँ | १/ख | १३४ | ०-८-१ | गणेश चौधरी |
| २ | रावतगाउँ | १/ख | ३५ | ०-२-१२ | गणेश चौधरी |

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com